आगलागी नियन्त्रणको विधि सिकाउँदै प्रहरी । पृष्ठ ५ मा

# विकास

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

खबरपत्रिका साप्ताहिक

www.bikaskhabar.com

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१६, अंक-३५ ● २०८० फागुन २८ गते सोमबार, ● 11 March, 2024, ● नेपाल सम्वत्-११४४, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## महिलाको 'कमाण्ड'मा

# पालिकाको शाखादेखि विद्यालयसम्म



विकास संवाददाता

थाहानगर

मकवानपुरको थाहा नगरपालिकाको ७ वटा शाखा महिलाले नेतृत्व गरिरहेका छन् । जिल्लाको एक मात्र नगरपालिका थाहामा २ वटा महाशाखा र २५ वटा शाखाहरू मध्ये ७ वटा शाखा महिलाले नेतृत्व गर्दै आएको प्रशासन शाखा प्रमुख उमेश श्रेष्ठले जानकारी दिए । थाहानगरको राजश्व, महिला बालबालिका, उद्यम विकास, सहकारी, न्यायिक र सामी र मेड्पा जस्ता महत्वपूर्ण शाखा महिलाको नेतृत्वमा छ । पालिकाको संगठन संरचनामा रहेको दुई महाशाखा प्रशासन र योजना महाशाखा भने पुरूषको नेतृत्वमा छ ।

थाहा नगरपालिकाको राजश्व शाखा डोल्मा लामाको नेतृत्वमा रहेको छ । राजश्व शाखाले पालिकाबाट स्वीकृत शीर्षकको कर तथा महशुल संकलन तथा नियमन गर्ने गर्दछ । राजश्व अनुमान, प्रगतीको विवरण पालिकामा यहि शाखाले पेश गर्दछ भने पालिकाको स्वीकृत आर्थिक ऐन कार्यान्वयनको यहि शाखाबाट हुने गर्दछ । महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा अपाङ्गता परिचय पत्र वितरण शाखा प्रतिमा मोक्तानको नेतृत्वमा रहेको छ । यस शाखाले नगरका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगताको क्षेत्रमा सशक्तीकरणको कार्य गर्दछ । उनीहरूको क्षमता अभिवृद्धि, आयआर्जन, अधिकार, कर्तव्यलगायतको सावलमा यहि शाखाले काम गर्ने गरेको छ ।

थाहाको उद्यम विकास शाखाको नेतृत्व रोजिना खड्काले गर्दै आएकी छिन । यो शाखाले नगरपालिका भित्रको उद्योग विकास क्षेत्रमा कार्य गर्दछ । उद्योग तथा व्यवसाय, दर्ता, नवीकरण, नियमनलगायतको काम यहि शाखाबाट हुने गर्दछ । सहकारी शाखा अस्मिता तिवारीको नेतृत्व छ । नगरपालिका भरीको सहकारी दर्ता, अनुगमन, नियमनलगायतको कार्य यहि शाखाबाट हुने गरेको छ । नगरपालिकाको न्यायिक शाखाको नेतृत्व गोपी कुमारी कार्कीले गर्दै आएकी छिन् । थाहा नगरपालिकाको उपप्रमुखको संयोजकत्वमा रहेको न्यायिक समितिको कार्य सम्पादन यहि शाखाबाट हुने गर्दछ । उजुरी, न्यायिक छिनोफानो, मेलमिलापलगायतको अभिलेख समेत यहि शाखाले राख्ने गर्दछ । सुरक्षित आप्रवासन परियोजना (सामी) मेलिना केसीको नेतृत्वमा छ । संघीय सरकारको सहयोगमा थाहानगरमा सञ्चालनमा रहेको सामी मार्फत सुरक्षित वैदेशिक रोजगारी, मनोसामाजिक विमर्श लगायतको क्षेत्रमा यस शाखाले काम गर्दै आएको छ । गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) को नेतृत्व सुनिता बुढाले गर्दै आएकी छिन् । मेड्पा परियोजना अन्तर्गत आय आर्जनका लागि लघुउद्यमसंग सम्बन्धीत काम हुने गर्दछ । गाउँगाउँमा उद्यमी बनाई नागरिकलाई आत्म निर्भर गराउने उद्देश्यका साथ संघीय सरकार अन्तर्गत थाहा नगरपालिकामा परियोजनाकै रूपमा सञ्चालनमा रहेको छ ।

थाहा नगरपालिकाको १२ मध्ये ३ वटा वडा कार्यालयमा महिला वडा सचिवले नेतृत्व गरिरहेकाछन् । वडा नम्बर १ मा अनु रूपाखेती, ३ मा टुईसा राइ र ११ मा मोती रोका क्षेत्रीले वडाको नेतृत्व गरिहेका छन् । अधिकांश वडाध्यक्ष पुरूष हुँदा थाहामा ३ वटा वडा सचिवको जिम्मेवारीमा महिला रहेका हुन् । वडा कार्यालयबाट व्यक्तिगत घटना दर्ता गर्न पनि गृह मन्त्रालय अन्तर्गतको राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले वडा सचिवलाई नै स्थानीय पञ्जिकाधिकारीको जिम्मेवारी तोक्ने कानूनी व्यवस्था छ । वडा कार्यालयबाटै ३७ प्रकारका सिफारिस समेत हुने कानूनी प्रावधान छ ।

### महिलाकै नेतृत्वमा थाहाका पाँच स्वास्थ्य संस्था

थाहा नगरपालिकामा रहेका १२ वटा स्वास्थ्य संस्था मध्ये ५ वटा स्वास्थ्य संस्थाको नेतृत्व महिलाले गरिरहेका छन् । स्वास्थ्य जस्तो महत्वपूर्ण संस्थाको नेतृत्व महिलाको जिम्मेवारीमा रहेको स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिए ।

थाहा नगरपालिका वडा नम्बर १ मा रहेको नयाँबस्ती आधारभूत स्वास्थ्य केन्द्रको प्रमुखमा सिसम विडारी छिन् । वडा नम्बर २ मा रहेको पालुङ स्वास्थ्य चौकी सुशिला अधिकारीको नेतृत्वमा सञ्चालन भैरहेको छ । वडा नम्बर ६ को बज्रवाराही स्वास्थ्य चौकीको नेतृत्व जिनु डंगालेलले सम्हालीरहेकी छिन्, ८ नम्बर वडामा पुनम पाख्रिनले नेतृत्व लिइरहेकी छिन भने वडा नम्बर १२ मा चमेली स्याङ्तानले नेतृत्वमा लिति आधारभूत स्वास्थ्य केन्द्र रहेको छ ।

थाहानगरमा रहेका स्वास्थ्य संस्थाहरूबाट उपचारात्मक, प्रतिकारात्मक, प्रवर्द्धनात्मक, पुर्नस्थापनाकीय, प्रशामकलगायतको सेवा प्रवाह हुने गरेको स्वास्थ्य शाखा प्रमुख बलामीले बताए । महिलाले नै नेतृत्व गरेको थाहा नगरपालिका वडा नम्बर ६ मा रहेको बज्रवाराही स्वास्थ्य चौकी न्यूनतम सेवा मापदण्डमा जिल्लामै उत्कृष्ट भई पुरस्कृत समेत भएको छ ।

### थाहाका १६ विद्यालयको नेतृत्वमा महिला

थाहा नगरपालिकाका एउटा संस्थागतसहित १६ वटा विद्यालयको प्रधानाध्यापकको नेतृत्वमहिलाले सम्हाल्दै आएका छन् । महिलाको नेतृत्वमा रहेको अधिकांश विद्यालय आधारभूत तहको रहेको थाहा नगरपालिका शिक्षा शाखाले जनाएको छ ।

थाहा नगरपालिकाको वडा नम्बर १ को कालिदेवी प्राविको प्रधानाध्यापक भई

*बाँकी पृष्ठ ६ मा*

## *गर्भवती महिलालाई पौष्टिक आहार वितरण गर्दै कैलाश*



◆ विकास संवाददाता

मकवावनपुरको कैलाश गाउँपालिकाले गर्भवती महिलालाई पौष्टिकआहार वितरण गरेको छ । २२ फागुनमा कैलाश गाउँपालिका वडा नम्बर ७, ताम्लाङस्थित ङिको स्थास्थ्यचौकीमा स्थानीय गर्भवती महिलालाई विभिन्न १२ थरीका पौष्टिकप्रर्वद्धन कोसेली वितरण गरिएको हो ।

गर्भावस्थामा उचित पोषणको अभावका कारण आमा र जन्मने नवजात शिशुको स्वास्थ्यमा प्रतिकुल असर नपरोस् भनेर गर्भवती महिलालाई पौष्टिकआहार वितरण गरिएको गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले बताए । गर्भवती आमा र गर्भमा रहेका बच्चालाई आवश्यक पर्ने कार्बोहाइडेड, प्रोटिन, भिटामिन र मिनरलयुक्त, गेडागुडी, सर्वोत्तम पीठो, हर्लिक्स, बदाम, ओखर, काजु, मासको दाल, कुखुराको अण्डालगायतका पौष्टिक आहार सम्मिलित प्याकेट वितरण गरिएको हो ।

अध्यक्ष मुक्तानका अनुसार, प्रत्येक महिना पालिकाभित्रका सबै वडाका गर्भवती महिलालाई पौष्टिकआहार वितरण गरिँदै आएको छ । पालिकाले विगत ३ दिनमा मात्रै ८० जना गर्भवती महिलाको स्वास्थ्य जाँच गर्नुको साथै पौष्टिक आहारको प्याकेट वितरण गरेको छ ।

त्यस्तै, गर्भवती महिलालाई प्रसुती गराउन अस्पतालसम्म पुऱ्याउन निःशुल्क एम्बुलेन्स सेवाको व्यवस्था मिलाइएको छ । प्रसुती गराउन स्वास्थ्य चौकी आउने महिलालाई गाउँपालिकाले ४ हजार ८ सय रूपैयाँ, बच्चा र आमाको लागि न्यानो कपडा र अन्य राहत सामग्री वितरण गर्दै आएको अध्यक्ष मुक्तानले बताए । उनले बालविवाह न्यूनीकरण र मातृ तथा शिशु मृत्युदर रोक्नका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहेको समेत बताए ।



कार्यालय: थाहा-८ सम्पर्क नं. ९८०७५३३००
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७
bikaskhabar@gmail.com

# • सम्पादकीय •

## नारी दिवस र जनवकालती

सन् १८५७ को मार्च ८ मा अमेरिकाको न्यूयोर्कमा पुरुष सरह समान ज्यालादर र कार्यस्थलमा काम गर्ने उन्नत वातावरणको माग गर्दै तयारी पोशाक उद्योगका श्रमिक महिलाहरूले आफ्ना अधिकार राज्यद्वारा सम्बोधन गराउन प्रदर्शन गरे । आफ्ना अधिकारप्रति सचेत महिलाहरूले ५१ वर्षपछि सन् १९०८ मार्च ८ मा सन् १८५७ को आन्दोलनप्रति समर्थन गर्दै न्यूयोर्कमा पुनः श्रमिक महिलाद्वारा प्रदर्शन भयो । महिला श्रमिकमाथिको विभेदविरुद्ध छेडिएको सो आन्दोलनमाथि फेरि प्रहरीले व्यापक दमन गर्‍यो । अमेरिकामा श्रमिकहरूको संघर्षको इतिहास लामो र उत्साहजनक छ तर महिलाको सहयोग र सर्मथमनमा भएका ती संघर्ष महिलाका लागि खासै परिणाममुखी रहेनन् । महिलाका आवश्यकतालाई खासै महत्त्व नदिएका कारण महिला श्रमिक विभेदमा रहिरहे । क्रान्तिको बीजारोपण भइसकेको थियो । समान ज्याला र काम गर्ने समयमा विवेकशीलता अपनाउन माग गरिएको आन्दोलन अन्ततः सन् १९१० देखि अन्तर्राष्ट्रिय नारी दिवस बन्नपुग्यो । तत्कालीन जर्मनका साम्यवादी सिद्धान्तका हस्ती क्लारा जेट्लीनले ८ मार्चलाई विश्व नारी दिवसका रूपमा मनाउन समस्त विश्वलाई आग्रह गरेकी थिइन । महिला अधिकारलाई संस्थागत गर्न तत्कालीन कट्टर साम्यवादी नेतृत्व लेनीनसँग बहस गर्ने जुझारु जेट्लीको समयमा समस्त युरोपका सरकारलाई चुनौती दिने नेतृका रूपमा चर्चित रहिन् । परिणाम अहिले विश्वमा ८ मार्चलाई नारी दिवसका रूपमा मात्र नभई समस्त मानव अधिकारको वकालती कदमका रूपमा विश्वले सम्मान गरेको छ ।

संयुक्त राष्ट्र संघले महिला विकासलाई मानव विकासको आधार स्तम्भका रूपमा व्यख्या गरेको छ । नेपालको सर्न्दभमा राज्यले महिलालाई एकदिने सार्वजनिक विदाको प्रावधान, हप्ते कार्यक्रम वा गैरसरकारी संस्थाहरूले पाँचतारे होटलमा सेमिनार गोष्ठीमै सीमित गर्ने परम्पराले महिलाको अधिकार र विभेदरहित समाजको प्रत्याभुति दिनसक्छ वा सक्दैन यो आममहिलाको चासो र बहसको विषय हुनुपर्छ । सवैधानिक र कानुनी हिसाबले महिलालाई समान अधिकार र विभेदरहित समाजको प्रत्याभूति दिलाए पनि व्यवहारगत रूपमा महिलाका अधिकारको सम्बोधन गर्न कञ्जुस्याई भएको महसुस महिला जगतले गरेको छ । नेपालको संविधान २०७२ को धारा ३८ ले महिलाका हक र अधिकारलाई सुनिश्चित गरेको छ । जसमा महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हकदेखि महिलाविरुद्ध हुने धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा प्रचलन वा अन्य कुनै आभारमा शोषण नगरिने र गरिएमा पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति प्राप्त हुने प्रावधानलगायत सम्पत्ति तथा पारिवारिक मामिलामा समान हक हुन प्रत्याभूति सो संविधानले दिएको छ । यो ज्यादै सकारात्मक उपलब्धि हो ।

तसर्थ मुलुकमा व्यापकरूपमा मौलाएको दण्डहीनताको अवस्थालाई जरैदेखि उखेल्न सक्दा नारीको अधिकार उपयोगमा देखिएका तगारा पन्छिन सक्छन्। तर यसका लागि नारी अधिकारका पक्षपाती नारीमात्र हैन, सम्पूर्ण जनता जागरुक हुनैपर्छ। त्यसैले यस्तो प्रतिबद्धता व्यक्त गर्ने दिन पनि हो नारी दिवस । अर्थात दिवसबाट लिने एउटा शिक्षा यो पनि हो । त्यसकारण महिला अधिकारका लागि नारी दिवसलाई एउटा उत्सवको रुपमा लिई समान अधिकारका लागि यस दिवसलाई जग मानी जनवकालती, सशक्तीकरण लगायतका कार्यक्रमहरुलाई निरन्तरता दिनु आवश्यक छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभञ्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |


# महिला अधिकारका मुद्दामा हामी कहाँ छौं ?



◆ रुकमनी थापा

विश्वले ११४औँ अन्तर्राष्ट्रिय महिला दिवस मनाइरहँदा ऐतिहासिक असमानता र समसामयिक चुनौतीहरूले घेरिएको परिदृश्यमा नेपाली महिला श्रमिकको प्रगति र संघर्षमाथि प्रकाश पार्नु महत्त्वपूर्ण छ। विद्यमान असमानताबारे चेतना बढाउन कतै विरोध प्रदर्शन र जुलुस गरेर यो दिवस मनाउने गरिन्छ। श्रमिक महिलाले गरेको आन्दोलनको जगबाट अन्तर्राष्ट्रिय नारी दिवस सुरू भएको हो, जसलाई पछि संयुक्त राष्ट्र सङ्घले मान्यता दियो।

सन् १९०८ मा न्युयोर्क सिटीमा १५ हजार महिलाले कामको घण्टा छोट्याउन, राम्रो तलब दिन र आफूलाई मतदानको अधिकार प्राप्त होस् भनेर प्रदर्शन गरेका थिए। त्यसको एक वर्षपछि द सोसलिस्ट पार्टी अफ अमेरिकाले पहिलो राष्ट्रिय नारी दिवस घोषणा गर्‍यो। उक्त दिनलाई अन्तर्राष्ट्रिय बनाउने विचार चाहिँ क्लारा जेटकिन नामकी कम्युनिस्ट अभियानकर्मीले अगाडि सारेकी थिइन्।

सन् १९१० मा कोपेनहेगनमा भएको 'कन्फरेन्स अफ वर्किङ विमन' नामको सम्मेलनमा उनले महिला दिवस मनाउने प्रस्ताव गरेकी थिइन्। त्यो सम्मेलनमा १७ देशका १०० जना महिला सहभागी थिए। उनीहरूले क्लाराको प्रस्तावलाई सर्वसम्मत रूपमा सहमति जनाएका थिए।

प्रणालीगत बाधा र सामाजिक विभेदहरूका कारण समाजमा महिलाहरूको उत्थान हुन सकिरहेको छैन। महिलाको हक–अधिकार र उत्थानका लागि समावेशी नीतिहरू लिन, त्यसको कार्यान्वयन गर्न र समान रोजगारीका अवसरहरू सिर्जना गर्न आवश्यक छ। यसो गर्दा अर्थतन्त्र र समाजमा महिलाले अमूल्य योगदान पुर्‍याउन सक्छन्। महिला दिवस जस्तो महत्वपूर्ण दिनको सुरूवात सन् १९११ मार्च १९ मा भएको हो, जतिबेला डेनमार्क, जर्मनी, अस्ट्रिया र स्विट्जरल्यान्डमा लाखौँ महिला र पुरूषहरू महिला आन्दोलनमा भएका प्रगतिहरूलाई सम्मान गर्न एकजुट भएका थिए।

यो ऐतिहासिक क्षणलाई स्मरण गर्नु एक उत्सव मनाउनु मात्रै होइन, महिलालाई पुरूष समान हक–अधिकार दिलाउन नवआन्दोलन गर्न प्रेरणाका रूपमा लिनु पनि हो। यो अन्तर्राष्ट्रिय महिला दिवस महिला संघर्षका ज्ञात र अज्ञात नायकहरूप्रति श्रद्धाञ्जली हो, जसको बलिदानीले आज हामीले मनाउने अधिकार र स्वतन्त्रताका लागि मार्ग प्रशस्त गरेको छ। सन् १९७७ मा संयुक्त राष्ट्र संघले महिलाको राजनीतिक अधिकार, आर्थिक समानता र भेदभावको अन्त्यका लागि वकालत गर्नका लागि अन्तर्राष्ट्रिय महिला दिवसलाई मान्यता दियो। जतिबेला हामी महिलाको समानता र अधिकारका बारेमा छलफल गर्छौं, त्यतिबेला हामी सामाजिक न्याय, मौलिक मानव अधिकार र अझ सुन्दर, सभ्य र नैतिक विश्वव्यापी समुदायको पालनपोषण गर्ने आकांक्षालाई आत्मसात् गर्छौं। अन्तर्राष्ट्रिय महिला दिवसको सार महिला समानताको उद्देश्यभन्दा पनि उनीहरूको सहअस्तित्वसँग जोडिएको छ, यसले सम्पूर्ण मानव जातिको कल्याणका लागि व्यापक खोजलाई मूर्त रूप दिन्छ।

यो दिन त्यस्तो दिन हो, जसले हामीलाई हाम्रो सामूहिक अस्तित्व र हाम्रो विश्व सामाजिक वातावरण जोगाउनका लागि तत्काल आवश्यकताबारे गहिरो अध्ययन गर्न प्रेरित गर्दछ। उल्लेखनीय प्रगतिको बाबजुद पनि विश्वका धेरै महिलाले पूर्ण नागरिकता वा समान अधिकारको उपभोग गर्न सकेका छैनन्। तर, राजनीतिक र सांस्कृतिक आन्दोलनबाट महिलाले प्राप्त गरेका केही अधिकारलाई नजरअन्दाज गर्न सकिँदैन। आज महिलाहरूले विश्वका अधिकांश भागहरूमा मतदान गर्ने र कार्यालयका लागि दौडने अधिकारको जति मात्रामा प्रयोग गरिरहेका छन्, यो एउटा खास उपलब्धि हो।

महिलाको राजनीतिक अधिकार, आर्थिक समानता र भेदभावको अन्त्यका लागि वकालत गर्न अन्तर्राष्ट्रिय महिला दिवस मनाउन थालिएको हो। अहिले चीन, नेपाल, रूस, जर्मनी लगायत विश्वभरका देशहरूले यस दिन सार्वजनिक बिदा दिने गर्छन्। एकातिर विज्ञान, स्वास्थ्य जागरूकता र सामाजिक सुधारहरूमा प्रगति भइरहेको छ, अर्कोतिर लैङ्गिक असमानता एक व्यापक मुद्दा बनेको छ। सशक्तीकरणका लागि एक महत्त्वपूर्ण स्तम्भ हो शिक्षा, जो अझै पनि धेरै महिलाको पहुँचभन्दा बाहिर छ। बालविवाह, आर्थिक सामाजिक पछौटेपन र अन्धविश्वासग्रस्त मानसिकताका अभ्यासहरू महिलाहरूको प्रगतिका लागि बाधक बनिरहेका छन्। द्वन्द्वग्रस्त क्षेत्रहरूमा बालबालिकाहरूलाई शिक्षाबाट वञ्चित हुने र महिलाहरू हिंसाको जोखिममा पर्ने चुनौतीहरू अझ बढी छन्। युनेस्कोको आँकडा अनुसार एक करोड २९ लाख बालिकाहरू विद्यालयको पहुँचबाहिर छन्। अन्धविश्वास, अशिक्षा, चेतनाको कमी र समाजमा व्याप्त विभेदपूर्ण अभ्यासहरूले महिलाको हरेक पक्षलाई कमजोर बनाइराखेका छन्। संयुक्त राष्ट्र संघको लैङ्गिक असमानता सूचकांकले नेपाललाई महिला अधिकारका लागि सबैभन्दा खराब अवस्था भएको देशहरूमा पहिचान गरेको छ।

हामीले अन्तर्राष्ट्रिय महिला दिवस २०२४ मनाउने क्रममा विश्वभर महिला र बालबालिकाको प्रगतिमा बाधा पुर्‍याउने साझा चुनौतीमाथि चिन्तन गर्न महत्त्वपूर्ण छ। महिला सशक्तीकरणको आधार शिलाका रूपमा शिक्षा उभिएको छ; जसले उनीहरूलाई आफ्नो अधिकार, आर्थिक समानताको वकालत गर्न र समाजमा पूर्ण रूपमा सहभागी हुन सक्षम बनाउँछ। 'महिलाको अधिकार भनेकै मानव अधिकार हो' फ्रान्सेली क्रान्तिको तत्कालीन अवधिसँग गाँसिएको शक्तिशाली यस कथनले मानव अस्तित्वमा महिलाको महत्वलाई दर्शाउँछ।

उपलब्धि र चुनौतीहरूलाई फर्केर हेर्दा यस्तो सक्षम दृष्टिले हेरौँ जहाँ हामी आशा र दृढ भविष्य देखिन्छ, त्यहाँ प्रत्येक महिला र बालिकाहरूले भेदभाव र असमानताबाट मुक्त, आफ्नो पूर्ण क्षमता हासिल गर्ने अवसर पाउनेछन्। यसका लागि लैङ्गिक समानतातर्फको सामूहिक यात्रा र प्रत्येक व्यक्तिको प्रतिबद्धता र प्रयास आवश्यक छ। अझ विशेषतः हामीले अन्तर्राष्ट्रिय महिला दिवस मनाउने क्रममा, विश्वभरका महिला कामदारहरूको अधिकारप्रति हाम्रो प्रतिबद्धतालाई पुनः पुष्टि गर्न अनिवार्य छ।

समाजको हरेक क्षेत्रमा महिलाहरूको अमूल्य योगदानलाई मान्यता दिएर मात्रै हुँदैन; सम्मान, संरक्षण र समान अवसरहरूका लागि पनि उनीहरू योग्य छन् भनी व्यवहार गर्नुपर्छ। लैङ्गिक भेदभाव उन्मूलनको गर्ने, उचित ज्याला, जागिर वा रोजगारीमा सुरक्षित वातावरण र महिलाको सीप विकासका लागि तालिम दिने विषयतर्फ ध्यान दिइनुपर्छ, अनि मात्र महिला आन्दोलनबाट प्राप्त उपलब्धिहरूको रक्षा र सम्मान हुन्छ।

महिला श्रमिकहरूलाई सशक्तीकरण गर्नु समानताको कुरा मात्र होइन, यो परिवर्तित समयका लागि थप न्यायपूर्ण र समृद्ध भविष्यका लागि लगानी हो। यस दिन र यसपछिका हरेक दिन पनि हामी महिला श्रमिकहरूको अधिकारलाई पूर्ण रूपमा सम्मान गर्ने संसारको निर्माणमा लाग्नु छ, नयाँ उत्साहका साथ। महिलाहरू समाजमा कति अगाडि बढे, राजनीति र अर्थतन्त्रमा कति अगाडि बढे भनेर मनाउने दिवस बनेको छ, अन्तर्राष्ट्रिय नारी दिवस। अमेरिकामा महिला साक्षरता दर ९९ प्रतिशत, प्रति एक लाख जन्ममा मातृ मृत्युदर ३२.३ र राजनीतिक सहभागिता २९ प्रतिशत (सांसद) छ। यस्तै, चीनमा महिलाको साक्षरतादर ९९.८५ प्रतिशत, प्रति एक लाख जन्ममा १६.१ र राजनीतिक सहभागिता २४.९४ प्रतिशत छ।

रूसमा महिला साक्षरता दर ९९.७४ प्रतिशत, प्रति एक लाख जन्ममा मातृ मृत्युदर ३४.५ र राजनीतिक सहभागिता १८.३ प्रतिशत छ। यस्तै, बेलायतमा महिला साक्षरता दर ९९ प्रतिशत, प्रति एक लाख जन्ममा मातृ मृत्युदर १३.४१ र राजनीतिक सहभागिता ३४.७४ प्रतिशत छ। जर्मनीमा महिला साक्षरता दर ९९ प्रतिशत, प्रति एक लाख जन्ममा मातृ मृत्युदर ३.२ र राजनीतिक सहभागिता ३५.१ प्रतिशत छ। भारतमा महिलाको साक्षरता दर ९१.९५ प्रतिशत, प्रति एक लाख जन्ममा मातृ मृत्युदर ९७ र राजनीतिक सहभागिता १४.३६ प्रतिशत छ। नेपालमा महिला महिलाको साक्षरता दर ६९.४ प्रतिशत, प्रति एक लाख जन्ममा मातृ मृत्युदर १५१ जना र राजनीतिक सहभागिता ३३ प्रतिशत छ। यो तथ्यांकले नेपालमा महिलाका क्षेत्रमा लगानी र सहभागिता बढाउनुपर्ने देखिन्छ।

२०१६ सालमा प्रधानमन्त्री बीपी कोइरालाको पालादेखि यो दिवस मनाउन सुरू गरिएको भए पनि महिलालाई मताधिकारको अधिकार भने २००७ सालबाट प्रजातन्त्रको प्राप्ति सँगै भएको थियो। विश्वव्यापी रूपमा अन्तर्राष्ट्रिय नारी दिवस मनाउन थालेपछि विभिन्न क्षेत्रमा नारीको सहभागिता बढ्न थाल्यो। श्रीलंकामा श्रीमती सिरिमाओ बन्दरानाइके, भारतमा श्रीमती इन्दिरा गान्धी, बेलायतमा श्रीमती मार्गरेट थ्याचर, पाकिस्तानमा श्रीमती बेनजिर भुट्टो, बंगलादेशमा जियाउर रहमानकी छोरी समेत तत्तत् देशका प्रधानमन्त्री बनेर देशको बागडोर सम्हाल्न पुगे।

नेपालमा प्रधानमन्त्री बीपी कोइरालाको प्रधानमन्त्रित्व कालमा द्वारिकादेवी ठकुरानी पनि मन्त्रिमण्डलमा समावेश भएर महिलाको सहभागिता भएकामा पछि आएर नेपालको प्रमुख राजनीतिक पद राष्ट्रपति र सभामुख

*बाँकी पेज ३ मा*

# बालबालिकाको लागि गुगल जस्तै हुन् घरका हजुरबा-हजुरआमा

परिवारको जग बुढापाकासँग जोडिएको हुन्छ । भनिन्छ, घरमा हजुरबा-हजुरआमा भए मात्रै परिवार पूर्ण हुन्छ । हजुरबा-हजुरआमा त्यो जरा जस्तै हुन्, जसले परिवारलाई रूख जस्तै बलियो बनाइराख्न सक्छन् । एउटा घरमा छोरा-बुहारी काम, सन्तानको पढाइ, खेलकुदमा व्यस्त भइरहँदा त्यही घरमा रहेका ज्येष्ठ नागरिकले भने उनीहरूको प्रत्यक्ष र अप्रत्यक्ष रूपमा ख्याल राखिर हेका हुन्छन् ।

परिवारलाई समेट्न ज्येष्ठ नागरिकको योगदान महत्वपूर्ण हुन्छ । संयुक्त परिवारमा हुर्किएका बालबालिकाले हजुरबा-हजुरआमाबाट उच्च संस्कार पाएका हुन्छन्, जसले उनीहरूको चरित्र निर्माणमा ठूलो भूमिका खेल्छ । जब परिवारमा केही अप्ठ्यारो पर्दा ज्येष्ठ नागरिकमा आफ्नो समझदारी प्रयोग गरेर परिवारलाई समस्याबाट निकाल्न सक्ने खुबी हुने मनोविज्ञ सन्देश ढकाल बताउँछन् ।

'बुढापाकाको जीवन अनुभवले भरिएको हुन्छ, जीवनमा धेरै घाम र छाया देखेका हुन्छन्, जसकारण समस्याको समाधान गर्ने जुक्ति उनीहरूमा हुन्छ,' उनी भन्छन् । ढकालका अनुसार वृद्धवृद्धाले जीवनको हरेक आरोह-अवरोह पार गर्दा गर्दै के गर्दा के हुन्छ भन्ने ज्ञान बटुलेका हुन्छन् । त्यसैले उनीहरूलाई ज्ञानको भण्डार भन्न सकिन्छ । जसकारण परिवारमा जे गर्नु परे पनि बुढापाकाकै सल्लाह लिइन्छ ।

## गुगल जस्तै हुन् घरका ज्येष्ठ सदस्य

बालबालिकाको विकासको क्रममा उनीहरू वरपर भएका कुराबारे जान्न उत्सुक हुन्छन । समाजमा देखिएका कुरा, शारीरिक विकास, परिवारमा हुने विभिन्न किसिमको अवस्था र चाडपर्वलाई लिएर उनीहरूमा जिज्ञासा हुने गर्छ । त्यो जिज्ञासाको व्याख्या र विश्लेषण गुगलमा जसरी जे खोज्दा पनि सजिलै भेटिन्छ, त्यसरी नै सजिलै वृद्धहरूले गर्न सक्छन् । जसकारण उनीहरूको सोच र विचारमा बिस्तारै विकास हुनसक्ने मनोविज्ञ ढकाल बताउँछन् ।

अझ परिवारमा अवकाशप्राप्त वा घर मै बस्ने अग्रज छन् भने त्यस घरमा हुर्किने सन्तानको लागि झनै फाइदाजनक हुन्छ । उनीहरूसँग समय हुने भएकाले बालबालिकाको मानसपटलमा आएका स-साना किसिमका प्रश्नको जवाफ पनि उनीहरूले बुझ्न सक्ने हिसाबले दिन सक्छन् । यही सिकाउने क्रममा दिनभर को पट्यारलाग्दो समय पनि वृद्धहरूले रमाइलोसँग बिताउन सक्छन् ।

ढकालका अनुसार सानो परिवारमा भने बाबुआमा मात्र छन् र दुवै जागिरे छन् भने सन्तानलाई चाहेर पनि उचित समय दिन नपाउने अवस्था हुन्छ । व्यस्त हुँदा कहिले जवाफ दिने, कहिले नदिने, कहिले पछि सोध भन्ने जस्ता व्यवहारले उनीहरू छोड्न थाल्छन् र सुनाउन हुँदैन रहेछ भन्ने सोच बालबालिकामा विकास हुनसक्छ ।

बालबालिकालाई अल्मलाउन टिभी हेर्न दिने, मोबाइल चलाउन दिने गर्दा एकछिनको समाधानले सन्तान टाढिन सक्ने मनोविज्ञ ढकाल बताउँछन् । त्यसैले सकेसम्म उनीहरूको कुरा सुन्ने र बुझ्ने गर्नुपर्छ, यसले परिवारमा सम्बन्धहरूलाई झनै कसिलो बनाउँदै लैजान्छ ।



## सिर्जनशील र आध्यात्मिक बनाउँछ

बुढापाकाले धर्मकर्ममा बढी रूचि हुने भएकाले त्यस्ता घरमा हुर्किएका छोराछोरी र नातिनातिनामा पनि अध्यात्मतर्फ झुकाव हुनसक्छ । यसले उनीहरूमा नैतिक ज्ञान हुन्छ, जसले सही र गलत छुट्याउन सक्छ । 'जुन घरमा हजुरबुबा र हजुरआमा छन्, उनीहरूबाट पाककला सिक्न सक्छन् । उनीहरूमा सीमित मरमसालामा मीठो भोजन बनाउने खुबी हुनसक्छ, जुन सिक्न त्यो घरको सन्ततिले पाउँछन्,' ढकाल भन्छन् । हजुरआमाबाट खानेकुराको रेसिपीदेखि सिलाइ, बुनाइ जस्ता सिर्जनशील काम सिक्न पनि पाउँछन् ।

वृद्धहरू ज्ञानका भण्डार हुने समाजशास्त्री सञ्जय शर्मा बताउँछन् । आफूभन्दा साना र ठूलोसँग कस्तो व्यवहार गर्ने, मन नपरेको कुरा कसरी प्रस्तुत गर्ने जस्ता ज्ञान पनि घरका अग्रजबाट सिक्न सकिन्छ । घरमा हुने हरेक सानो ठूलो निर्णयमा पनि पछि पछुतो मान्न नपर्ने खालको दूरदर्शी हुँदै निर्णय गर्न सक्छन् । घरमा कोही बिरामी भएमा विभिन्न जडिबुटीबाट ठीक पार्ने खुबी हजुरबा-हजुरआमामा हुन्छ । 'घरमा कसैलाई रूघाखोकी लाग्यो भने हजुरबा-हजुरआमाको औषधिले ठीक पार्न सक्छ । घाउचोटपटक लाग्यो भने उनीहरूसँग हुने जडिबुटीले नै निको पार्छ,' उनी भन्छन्, 'त्यस्तै सन्तान जन्मिंदा पनि उनीहरूकै सल्लाह र रेखदेखमा हुर्काउने गरिन्छ ।'

घरमा ज्येष्ठ नागरिक हुँदा पारिवारिक प्रेम पनि राम्रो हुन्छ । हजुरबा-हजुरआमा र बुबाआमाले उनीहरूलाई दिने माया, प्रेम र हेरचाहले उनीहरूलाई पनि अरूप्रति माया गर्नुपर्छ भनेर सिकाउँछ ।

## 'निःस्वार्थ प्रेम'

उमेर जीवनको उत्तरार्धमा पुगेपछि गर्नुपर्ने कुराहरू पनि क्रमशः घट्दै गइरहेका हुन्छन् । यस्तोमा वृद्धवृद्धाले चाहने भनेको सन्तोष नै हो । समाजशास्त्री शर्मा भन्छन्, 'उनीहरूले चाहने भनेको सन्तोष मात्र हो, जुन आफ्नो सन्तानप्रतिको माया र उनीहरूको उज्यालो अनुहार हेरेर पाउने गर्छन् । निःस्वार्थ भावनाका साथ माया गर्छन्, उनीहरूले परिवारको हितको लागि जति सोच्छन् अरू कसैले सोच्न सक्दैन ।'

नातिनातिनासँग घनिष्ठ सम्बन्धमा रहेका हजुरबा-आमाले आधुनिक परिवेशका बारेमा नातिनातिनाबाट पनि सिक्ने गर्छन् । त्यसैले घरमा हजुरबा-हजुरआमा हुँदा एक परिवार पूर्ण रूपमा आत्मीय हुन्छ ।

# कुनबेला तातो र कुनबेला चिसो पानी पिउने?



पानी हाम्रो जीवनमा नभई नहुने तत्व हो। ज्यादै तीर्खा लागेको बेलामा एक गिलास चिसो पानी पिउदा पानीको महत्व थाहा हुन्छ। त्यसो भए चिसो पानी नै शरिरका लागि उपयुक्त विकल्प हो त? कि अवस्था अनुसार चिसो र तातो दुबै पानी खान सकिन्छ? पानी चिसो होस् वा तातो शरिरलाई भने जतिबेला पनि हाइड्रेड बनाउनुपर्छ।

प्राचीन स्वास्थ्य प्रणाली आयुर्बेदमा पनि शरीरलाई स्वस्थ राख्न तातो पानीको महत्व दर्शाइएको छ। तसर्थ कुनै निश्चित अवसरमा चिसो पानी भन्दा तातो पानीले नै शरिरलाई कल्याण गर्छ।

जब तपाई बाहिर तापक्रममा काम गर्नु भएको छ र निकै तिर्खा लागेको छ भने अवश्य पनि तातो पानीले तपाईंको तिर्खा नमेट्ला। तर तपाईलाई रूघा लागेको छ भने यो बेला पनि मन तातो पानी नै खानुपर्छ। सामान्यतया पानी तातो नै पिउनु उपयुक्त हुन्छ। चिसो पानी पिउने अवस्थामा पनि उमालेर चिसो भएको पानी पिउनु पर्छ।

## सबल अर्थतन्त्र ... . .

तथा सर्वोच्च अदालतको प्रधानन्यायाधीश जस्तो उच्च न्यायिक पदमा महिला पुगे । यो सवालमा विश्व इतिहासमा नेपाल अग्रपंक्तिमा देखापर्नु हो तर त्यसले निरन्तरता पाउन सकेन । अहिले राज्यका प्रमुख पदमा महिलाको उपस्थिति छैन ।

नेपालले महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धि, १९८१ लाई अनुमोदन गरिसकेको छ । पक्ष राष्ट्र भएको नाताले महासन्धिमा भएका सबै प्रावधान पालना गर्नु राज्यको परम कर्तव्य हो । राज्यले अन्तर्राष्ट्रिय महासन्धिमा भएका व्यवस्थालाई घरेलु कानुनहरूमा आन्तरिकीकरण गर्न महिलासम्बन्धी अधिकारलाई कानुन र संविधानमा सुरक्षित गरेको छ ।

नेपालको इतिहासमै पहिलोपटक संविधानसभाबाट जारी भएको नेपालको संविधान २०७२ ले केन्द्रदेखि स्थानीय तहसम्मको संघीय संरचनामा प्रमुख वा उपप्रमुखमध्ये एक महिला हुनुपर्ने बाध्यकारी व्यवस्था गरेको छ । संविधानको धारा ३८ मा महिलाको हक संरक्षित गरी सो हक हनन भएको खण्डमा संवैधानिक उपचारको व्यवस्था समेत गरेको छ । व्यवहारगत रूपमा हुने हिंसालाई नियन्त्रण गर्न मुलुकी फौजदारी अपराध संहिता २०७४ मा महिला विरूद्धका कसुरलाई जघन्य कसुरका रूपमा स्थापित गरेको छ । घरेलु हिंसा कसुर र सजाय ऐन, मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, राष्ट्रिय महिला आयोग ऐन यसका केही प्रतिनिधि ऐनहरू हुन्, जुन ऐनमा महिलाका हक-अधिकार र उनीहरू विरूद्धका कार्य कसुरजन्य हुने भनी बोलेको देखिन्छ ।

विडम्बना ! पछिल्लो समयमा बढ्दै गइरहेको महिला तथा बालिकाविरूद्धका जबर्जस्ती करणीसम्बन्धी कसुर साथै करणीपश्चात् क्रूर यातना दिई ज्यानै लिने अपराधले त्रासको वातावरण सिर्जना गरिदिएको छ । नियन्त्रण गर्ने कार्यकारी निकाय, नियमन गर्ने नियामक निकाय र न्याय दिलाउने स्वतन्त्र, स्वच्छ एवं सक्षम न्यायपालिका हुँदाहुँदै पनि दिनहुँजसो घट्ने लैंगिक एवं यौनहिंसाविरूद्धका कसुरमा राज्यको यथेष्ट ध्यान पुग्न नसकेको देखिन्छ ।

(थापा नेपाल ट्रेड युनियन कांग्रेसको उपमहासचिव हुन् ।)






# थाहामा कर शिक्षा दिदै आन्तरिक राजश्व कार्यालय हेटौंडा




◆ विकास संवाददाता

थाहा नगरपालिकाका सहकारी संस्था तथा व्यवसायीहरूबीच अन्तरक्रियात्मक कर शिक्षा दिइएको छ । आन्तरिक राजस्व कार्यालय हेटौंडाको आयोजना तथा पालुङ बहुउद्देश्यीय सहकारी संस्थाको समन्वयमा २४ फागुनमा कार्यक्रम भएको हो ।

पालुङ बहुउद्देश्यीय सहकारीको हलमा भएको कार्यक्रममा सहभागीहरूले नेपालको कर प्रणालीमा रहेका जटिलताको अन्त्यका लागि नीतिगत सुधार गर्दै अध्याधुनिक कर प्रणालीमा देखिएका जटिलताको सहज समाधानको व्यवस्था गर्न माग गरेका थिए । उनीहरूले थाहानगरमै कर सेवा कार्यालयको व्यवस्था गर्न माग गरे । सरकारको राजस्व बढाउने र व्यवसायीलाई करको दायरमा ल्याउन, समयमै नवीकरण गर्ने उद्देश्यले कर शिक्षा दिन थालिएको आन्तरिक राजस्व कार्यालय हेटौंडाका प्रमुख कर अधिकृत तुलसी प्रसाद भट्टराईले बताए । थाहा नगरपालिकाका प्रमुख तथा कार्यक्रमका प्रमुख अतिथी बिष्णु बहादुर बिष्टले को प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा विष्टल सरकार सञ्चालनको मेरूदण्ड राजश्व नै रहेको हुँदा सबै व्यवसायीहरूलाई इमान्दारिताका साथ करको दायरमा आउन आग्रह गरे ।

कार्यक्रममा नगर उपप्रमुख भरत गोपाली, थाहानगर उद्योग वाणिज्य संघका अध्यक्ष पुरूषोत्तम ढकाल, पालुङ बहुउद्देश्यीय सहकारीका अध्यक्ष कृष्ण बहादुर बिष्ट, उपाध्यक्ष अरूण रायमाझी लगायतकाको उपस्थिति रहेको थियो । आन्तरिक राजस्व कार्यालयका प्रमुख कर अधिकृत तुलसी प्रसाद भट्टराईको अध्यक्षतामा भएको कार्यक्रमका सहभागीहरूलाई आन्तरिक राजश्व कार्यालयका कर अधिकृत गुणराज भण्डारी, कर अधिकृत प्रेम प्रसाद तिम्सिना र कर अधिकृत कमल प्रसाद अर्यालले सहजीकरण गरेका थिए ।

# बकैया गाउँपालिकाको ७ महिनाको वित्तिय प्रगती साँढे ३२ प्रतिशत

◆ विकास संवाददाता

मकवानपुरको बकैया गाउँपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ को ७ महिनामा ३२ दशमलव ४७ प्रतिशत वित्तिय प्रगती हासिल गरेको छ । पालिकाले चालु आर्थिक वर्षका लागि विनियोजित ८१ करोड ८९ लाख ३६ हजार मध्ये ११ फागुनसम्म २६ करोड ५९ लाख १६ हजार ९५० रूपैयाँ खर्च गरेको हो ।

गाउँपालिकाको क्षेत्रगत विकासका ५ क्षेत्रमध्ये कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा १५ करोड ६७ लाख ८६ हजार विनियोजन भएकोमा ६ करोड ५६ लाख ४७ हजर ७९९ अर्थात ४१.८७ प्रतिशत वित्तिइ प्रगती हासिल गरेको छ । पूर्वाधार विकास क्षेत्रमा १७ करोड ८८ लाख छुट्याएको गाउँपालिकाले यस अविधिमा चार करोड ६५ लाख १७ हजार ७४२ रूपैयाँ खर्च गरेको छ । आर्थिक विकास क्षेत्रमा ८ करोड ४४ लाख ७७




हजार विनियोजन भएकोमा ९१ लाख ८६ हजार ७११ अर्थात २६.०२ प्रतिशत वित्तिय प्रगती हासिल गरेको छ ।

सामाजिक विकास क्षेत्रमा ३९ करोड ४९ लाख ५९ हजार बजेट विनियोजन गरेकोमा १४ करोड ३४ लाख ६६ हजार ५७० अर्थात ३६.३२ प्रतिशत वित्तिय प्रगती हासिल गरेको छ । सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा ३९ लाख १४ हजार बजेट विनियोजन गरिएकोमा १० लाख ९७ हजार १२८ अर्थात २८.०२ प्रतिशत वित्तीय प्रगती हासिल गरेको छ ।

# प्रदेश राष्ट्रपति रनिङशिल्डमा मकवानपुर जिल्ला चौथो

◆ विकास संवाददाता

बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्डमा काठमाडौं च्याम्पिय बन्दा मकवानपुर चौथो स्थानमा समेटिएको छ । विभिन्न ६ खेल समावेश प्रतियोगितामा काठमाडौं ३१ स्वर्ण, १२ रजत ९ कास्यसाथ सग्रमा टिम च्याम्पियन बनेको हो ।

बागमती प्रदेश खेलकुद विकास परिषद्ले चितवनमा आयोजना गरेको प्रतियोगितामा चितवन १० स्वर्ण, ६ र जत र १३ कास्यसहित दोस्रो हुन सफल भएको बागमती प्रदेश बोर्ड सदस्य तथा कार्यक्रम संयोजक अभिलाष मैनालीले जानकारी दिए । प्रतियोगितामा ललितपुर तेस्रो हुँदा मकवानपुरले चौथो स्थानमा चित्त बुझायो । ललितपुरले ५ स्वर्ण, ४ र जत र ६ कास्य जितेको हो ।

मकवानपुरले ४ स्वर्ण, २ रजत र १२ कास्य प्राप्त गर्न सफल भयो । मकवानपुरले एथ्लेटिक्स विधामा ३ स्वर्ण र तेक्वान्दोमा १ स्वर्ण गरी ४ स्वर्ण जित्न सफल भएको हो । प्रतियोगितामा विजेतालाई बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव सूर्यलाल भण्डारीले पुरस्कार वितरण गरेका थिए । प्रतियोगितामा कराते, तेक्वान्दो, भलिबल, कबडी, उसु र एथ्लेटिक्स विधाका खेलहरू सञ्चालन भएका थिए ।

# मतदाता अद्यावधिक चैत तेस्रो सातासम्म

◆ विकास संवाददाता

मकवानपुरमा फागुन २८ गतेदेखि मतदाता नामावली अद्यावधिक गरिने भएको छ । फागुन २८ गतेदेखि चैत्र २२ गतेसम्म मतदाता नामावली अद्यावधिक गरिने २२ फागुनमा आयोजित छलफल कार्यक्रममा जानकारी गराइएको छ । वैशाख १५ गते हुने उपनिर्वाचनलाई मध्यनजर गर्दै निर्वाचन आयोगले देशैभर मतदाता नामावली अद्यावधिक कार्य गर्न लागेको हो ।

जिल्लाका सबै वडाबाट नै मतदाता नामावलीमा दाबीविरोध सहित अद्यावधिक गर्न सकिने प्रदेश निर्वाचन कार्यालय बागमती प्रदेशका कार्यालय प्रमुख ताराप्रसाद आचार्यले जानकारी दिए । मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने र कसैले झुटा विवरण दिएर नाम दर्ता गरेको भए सोको विरोधमा उजुरी दिने, एक भन्दा बढी स्थानमा नाम समावेश भए एक स्थानमा मात्रै कायम गर्ने, मृत्यु भएका वा नेपाली नागरिकता त्याग गरेकाको नाम मतदाता नामावलीबाट हटाउनका लागि सूचना दिने लगायतका कार्य अद्यावधिक कार्यक्रममा हुने प्रमुख आचार्यले बताए ।

जिल्ला प्रशासन कार्यालयमा भएको सरोकारवालासँग छलफल कार्यक्रममा मतदाता नामावली अद्यावधिक लगायत समसामयिक विषयमा छलफल गरिएको थियो । प्रमुख जिल्ला अधिकारी सेढाईंको अध्यक्षतामा भएको अन्तरक्रिया कार्यक्रममा सुरक्षा निकायका प्रमुख, विभिन्न राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधि, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।

# पालुङको पाण्डुकेश्वर मन्दिर परिसर सरसफाई



◆ विकास संवाददाता

नेकपा एमाले सम्वद्ध महिला संगठन अखिल नेपाल महिला संघ थाहानगर कमिटिको आयोजनामा पाण्डुकेश्वर क्षेत्रमा सरसफाई गरिएको छ ।

थाहा नगरपालिका वडा नम्बर २ मा रहेको प्रशिद्ध पाण्डुकेश्वर महादेव मन्दिर परिसर सरसफाइ गरिएको हो । ११४ औं अन्तर्राष्ट्रिय नारी दिवसको अवसर पारेर कार्यक्रम आयोजना गरिएको अखिल नेपाल महिला संघका थाहानगर अध्यक्ष सुमित्रा केसीले बताइन् ।

२५ फागुनमा परेको महाशिवरात्रीमा भक्तजनहरूको समेत उपस्थित हुने मन्दिर परिसर सरसफाइ गरिएको अध्यक्ष केसीले बताइन् । सरसफाइ कार्यक्रममा अखिल नेपाल महिला संघका जिल्ला सदस्य शान्ता रिमाललगायत महिला संघका प्रतिनिधि हरूको उपस्थिति रहेको थियो ।

# १ सय १७ बालबालिकालाई न्यानो कपडा

◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ४ का १ सय १७ विद्यार्थीले न्यानो कपडा पाएका छन् । ४ नम्बर वडा कार्यालयले चालु आर्थिक वर्ष २०८०/०८१ का लागि विनियोजित बजेटबाट विद्यार्थीहरूलाई ट्रयाकसुट वितरण गरिएको वडा सचिव पाल्साङ लामाले जानकारी दिए ।

थाहाको ४ नम्बर वडा कार्यालयले आफ्नो वडामा रहेको ३ वटा सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीहरूलाई कपडा वितरण गरेको हो । वडाले रूप्सेको माहांकाल प्रावि, दामनको ऋषेश्वर प्रावि र ठुलोमाखुमा रहेको बालकुमारी प्राविमा अध्ययनरत छात्रछात्रालाई कपडा वितरण गरिएको थियो ।

कार्यक्रममा ४ नम्बर वडाध्यक्ष नारायण लामा, कार्यपालिका सदस्य चन्द्रमाया बल, शिक्षक महासंघ थाहाका अध्यक्ष राजाराम कार्की, थाहा नगरपालिका शिक्षा शाखा प्रमुख माधव बिक्रम मल्ल वडा सचीव पाल्साङ लामालगायत सहभागी थिए । विद्यालयहरूमा आयोजित कपडा वितरण कार्यक्रममा सम्बन्धित विद्यालयका प्रधानाध्यापक, शिक्षक अभिभावक तथा बालबालिका र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN-FLEX PRINT-PHOTOGRAPHY
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# आगलागी नियन्त्रणको विधि सिकाउँदै प्रहरी



◆ विकास संवाददाता

थाहा नगरपालिका वडा नम्बर ३ स्थित जनकल्यण माविमा आगलागी नियन्त्रण सम्बन्धि अन्तरक्रिया तथा सचेत्नामुलक कार्यक्रम भएको छ । जिल्ला समन्वय समितिको आयोजना तथा बागमती प्रदेश विपद् व्यवस्थापन गुल्मको प्राविधिक सहयोगमा २३ फागुनमा कार्यक्रम भएको हो ।

जिल्ला समन्वय समिती मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा थाहा नगर प्रमुख बिष्णु बहादुर बिष्टको विशिष्ट आतिथ्यता रहेको थियो ।

थाहा नगरपालिका भित्र रहेका सामुदायिक वनका पदाअधिकारी तथा उपभोक्ताहरू, नगर प्रहरी, रेडक्रस, स्काउट, बजार व्यवस्थापनका पदाधिकारी स्थानीय संघसंस्थालगायत विभिन्न विद्यालयका विद्यार्थी र शिक्षकहरूको कार्यक्रममा सहभागिता रहेको थियो । आगलागी नियन्त्रण र बच्ने उपायहरूको प्रयोगात्मक अभ्यास समेत गरिएको कार्यक्रममा आगलागी नियन्त्रण तथा बच्ने घरेलु उपाय सम्बन्धी प्रहरीहरूले सुझाएका थिए । सो अवसरमा बागमती प्रदेश विपद् व्यवस्थापन गुल्म हेटौंडाका प्रहरी निरीक्षक चुडा कुमारी खड्कासहितको प्रहरी टोलीले ग्याँस सिलिन्डरको पाइपबाट ग्यास लिक भई हुने आगोलागी निभाउने तरिकाहरूका साथै व्यक्तिको शरीरमा आगो लाग्दा तत्काल बच्न अपनाउनु पर्ने उपायहरूको अभ्यास गराएका थिए ।

जिल्ला समन्वय अधिकारी सुर्यप्रसाद चापागाईंको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समितिका सदस्यहरू, थाहा नगरपालिका वन वातावरण तथा विपद व्यवस्थापन समिती संयोजक हिरेन्द्र कुमार रायमाझी, थाहानगर विपद व्यवस्थापन समितिका सदस्य सचीव अनिल लामिछाने, स्थानीय स्काउट थाहानगरका संयोजक गणेशमान श्रेष्ठ, विभिन्न विद्यालयका स्काउट ट्रूप, दामन रेडक्रस र पालुङ रेडक्रसका प्रतिनिधीहरूलगायत संघ संस्थाका प्रतिनिधिहरूको उपस्थिती थियो ।

विद्यार्थीका बीचमा हुने यस्तो सचेतनामुलक कार्यक्रमको सन्देश अभिभावकमा समेत पुग्ने भएकोले यस्ता कार्यक्रम प्रभावकारी हुने जनकल्याण माविका शिक्षिका गिता कार्कीले बताइन ।

# 'शैक्षिक विकासका लागि लगानी बढाउन आवश्यक'-सांसद बर्तौला



◆ विकास संवाददाता

मकवानपुर प्रतिनीधिसभा क्षेत्र नम्बर २ का सांसद महेश कुमार बर्तौलाले देशलाई सकारात्मक दिशातर्फ उन्मुख गराउने जनशक्ति विद्यालयस्तरबाटै उत्पादन हुने भएकोले आधारभूत शिक्षामा सरकारले लगानी गर्नुपर्ने बताएका छन् । नेकपा एमालेका प्रमुख सचेतक समेत रहेका बर्तौलाले आधारभूत शिक्षा स्थानीय सरकारको अधिकार क्षेत्रभित्र भएकोले शिक्षाको विकासका लागि लगानी आवश्य भएको औल्याए । थाहा नगर पालिका वडा नम्बर ५ मा रहेको दुर्गादेवी आधारभूत विद्यालयको ५५ औं वार्षिक उत्सव तथा अभिभावक भेलाको उद्घाटन गर्दै सांसद बर्तौलाले यस्तो बताएका हुन् ।

कार्यक्रममा आधारभूत शिक्षा नै विकासको जग भएकोले यसतर्फ सबैको ध्यान जान आवश्यक भएको उनको भनाइ थियो । वि.सं. २०२५ सालमा स्थापना भएको दुर्गादेवी आधारभूत विद्यालयमा विद्यार्थीको आकर्षणसंगै स्तरोन्नती हुँदै गएकोमा सांसद बर्तौलाले खुशी व्यक्त गर्दै विद्यालय व्यवस्थापन समितिका पदाअधिकारी, समुदाय र शिक्षकहरूलाई धन्यवाद दिए । कार्यक्रममा थाहा नगर पालिकाका नगर उपप्रमुख तथा कार्यक्रमका विशेष अतिथी भरत गोपालीले शैक्षिक विकासका लागि स्थानीय तहको तर्फबाट सहयोग भैरहेको बताए । उपप्रमुख गोपालीले विद्यालय र समुदायको मागका आधारमा वार्षिक रूपमा बजेट विनियोजन गरिएको उल्लेख गरे ।

कार्यक्रममा थाहा नगरपालिका वडा नम्बर ५ का वडाध्यक्ष विष्णु बहादुर गुरुङ, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष चमेली वाइवा, थाहा नगर पालिकाका सामाजिक विकाश शाखा प्रमुख अनिल लामिछाने, सूचना अधिकारी सुरजकुमार भुजेल, वडा सदस्यहरू, टोल विकास संस्था तथा विभिन्न संघसंस्थाका पदाअधिकारीहरूको आतिथ्यता रहेको थियो । विद्यालय क्षेत्रका अभिभावकहरूको समेत सहभागिता रहेको कार्यक्रममा विद्यालयका प्रधानाध्यापक हिराचन थापाले विद्यालयको आयव्यय प्रस्तुत गरेका थिए ।

विद्यालयको वार्षिक उत्सवको अवसरमा विद्यार्थीहरूले नृत्यसहित साँस्कृतिक कार्यक्रम गरेका थिए ।

# तामाङ मातृभाषा शिक्षकका लागि पुनर्ताजगी तालिम

◆ विकास संवाददाता



थाहा नगरपालिकामा तामाङ भाषा लिपि प्रवर्द्धन तथा पाठ्यक्रम प्रबोधिकरण कार्यक्रम अन्तर्गत तीन दिने पुनर्ताजगी तालिम समापन भएको छ । जिल्ला समन्वय समिती (जिसस) मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यतामा पुर्नताजकी तालिम समापन गरिएको हो ।

कार्यक्रममा प्रमुख अतिथी जिसस प्रमुख घलानले मातृभाषामा शिक्षा विद्यालयमा अध्ययनरत बालबालिकालाई उसैको घरमा बोलिने भाषा बोलेर शिक्षण सिकाइको माध्यम भएको बताए । मातृभाषामा शिक्षाका बारेमा माथिल्लो तहदेखि तल्लो तहसम्म समान धारणा हुनुपर्ने घलानको भनाइ थियो । थाहानगर प्रमुख ताथ कार्यक्रमका विशिष्ट अतिथि विष्णु बहादुर बिष्टले थाहाको सामुदायिक विद्यालयका कम्तीमा पनि कक्षा १ देखि ३ सम्म मातृभाषाको माध्यमबाट शिक्षा दिन सकिने वातावरण बनाउनका लागि पालिका लागि परेको बताए । उनले ३ कक्षाभन्दा माथि मातृभाषा विषय पढाउन सकिने मान्यता स्थापित गरी व्यवहारमा लागू गर्नुपर्ने उल्लेख गरे । थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत कृष्ण गिरीले व्यक्तिले बोल्ने पहिलो भाषामा पठन पाठन गराउन सक्नु नै मातृभाषाको शिक्षा भएको बताउँदै मातृभाषाको शिक्षाले विश्वका विभिन्न देशमा मौलिक अधिकार सरहको अधिकार प्राप्त गरेको अभ्यासहरूका कारण पनि मातृभाषाको शिक्षाको महत्व रहेको बताए ।

नेपाल तामाङ घेदुङ थाहाका अध्यक्ष दिपेन्द्र कुमार थिङको अध्यक्षतामा भएको कार्यक्रममा थाहानगर शिक्षा शाखा अधिकृत सुर्य बहादुर थिङ, जिल्ला समन्वय समिती मकवानपुरका सदस्यहरूलगायतकाको उपस्थिति रहेको थियो ।

मातृभाषा तथा स्थानीय विषयमा गुणस्तरीय शिक्षा र वैज्ञानिक शिक्षाको सुनिश्चितताको उद्देश्यसहित कार्यक्रम आयोजना गरिएको हो । थाहानगर क्षेत्रका ३० विद्यालयमार्फत तामाङ भाषाको शिक्षण प्रारम्भका लागि ३० शिक्षक/शिक्षिकालाई मातृभाषा सम्बन्धी तालिम दिइएको हो । कार्यक्रमका सहभागीहरूलाई तामाङ मृाभाषाका भाषा विज्ञ प्रतीक डेङ्सुर र दर्पण ब्लोनले प्रशिक्षण दिएका थिए । थाहा नगरपालिकामा गत शैक्षिक वर्षबाटै तामाङ मातृभाषा अध्यापनको शुरूवात गरिएको हो ।

मकवानपुरका १० स्थानीय तहहरू मध्ये मातृभाषा तथा स्थानीय विषयक कार्यक्रम गराउनेमा थाहा नगरपालिका नै पहिलो पालिका हो । नेपालमा मातृभाषामा शिक्षा कार्यक्रम वि.सं २०५५ देखि सुरू भएको थियो । पाठ्यक्रम विकास केन्द्रले हालसम्म २४ वटा मातृभाषामा प्राथमिक तहसम्मको पाठ्यपुस्तक तयार गरिसकेको छ ।


## ढल जन्य फोहोर ब्यबस्थापन सम्बन्धि अत्यन्त जरुरी सूचना ।

थाहा नगरको बजार क्षेत्रहरुमा घरहरुबाट निस्कने शौचालय जन्य ढललाई खुल्ला रुपमा छोडिने गरेको तथा कहिँ कतै बर्षाको समयमा नाली वा कुलोमा खोल्ने गरेको जनगुनासो आएकोले, त्यस्तो नगर्न जानकारी गराईन्छ । नगरका बजार तथा विभिन्न स्थानका घर धनिहरुलाइ समयमै सेफटि ट्याङ्की बनाई शौचालय जन्य ढललाई व्यवस्थापन गर्न गराउन समेत जानकारी गराइन्छ ।

साथै थाहा नगरपालिकाले सेफटि ट्याङ्की ब्यबस्थापनको लागि ट्याङ्की सेवा सुरू गरेकाले सम्पर्क गर्नु हुन समेत अनुरोध गरिन्छ ।

टयाङ्कर सेवाको लागि सम्पर्क :-
९७६७५७०९००, ९७०४१२५७५७,९८४५४६४००३

थाहा नगरपालिका
ईन्द्रायणिचौर मकवानपुर ।




थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा




जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

# पालुङ गढीलाई पर्यटकीय गन्तव्य बनाइँदै

◆ विकास संवाददाता

पालुङ गढीलाई पर्यटकीय गन्तव्य बनाउन पहल थालिएको छ । मकवानपुरको पर्यटकीय नगरी थाहा नगरपालिका वडा नंम्बर २ को पालुङ गढीलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न स्थानीय सरकार र स्थानीयवासी जुटेका हुन् । पालुङ गढीसम्म पुग्ने पैदल मार्ग तथा मनोरञ्जन स्थल निर्माण सुरू गरिएको छ ।

पालुङ गढी संरक्षण र प्रवर्द्धनका लागि लागि २ नम्बर वडाले १५ लाख रूपियाँ बजेट विनियोजन गरेसँगै स्थानीयले समिति गठन गरेर काम थालेका हुन् । पालुङ गढी पिकनिक स्पोर्ट निर्माण समिति गठन गरेर वडाबाट विनियोजित बजेर र स्थानीयको दुई लाख ५० हजार श्रमदानमा काम थालनी भएको छ । पालुङ गढीमा जानका लागि एकसय मिटरको सिँढी निर्माणको कार्य थालनी गरिएको समितिका अध्यक्ष अजय कार्कीले जानकारी दिए ।

थाहा-२ गैरीगाउँको ६० घरधुरीले प्रत्येक घरले चार दिन श्रमदान गर्ने गरी काम थालनी गरिएको अध्यक्ष कार्कीको भनाइ छ । एकसय मिटर कालो ढुङ्गाको सिडी, दायाँबायाँ फलामे बार र प्रत्येक बारको दुई भागमा एक सय वटा फाइवरको फेम भएको बत्ती राखिने योजना राखिएको छ । सिँढी निर्माणका लागि विनियोजन गरेको बजेट खर्च हुने भएकाले पिकनिक स्थल निर्माण, आवश्यक भौतिक संरचनाका लागि सहयोगी हातको भरपरेको अध्यक्ष कार्कीले बताए ।

आइ लभ पालुङ गढी लेख्नका लागि अस्ट्रेलियामा रहेका सुरेश थापाले ३५ हजार रूपियाँ, २० फिटको अग्लो फलामको पाता रहेको नेपालको झण्डाका लागि नेपाली सेनामा सेवारत प्रवेश विष्टले १५ हजार, फलामको कुर्सीका लागि गोविन्द कार्कीले १० हजार, गढी जाने बाटोमा पुग्नको लागि बाटो निर्माणका लागि जग्गा पर्ने उद्धव रानामगर र रामशरण राना मगरले जग्गा उपलब्ध गराएका छन् ।

## पालिकाको शाखादेखि ...

विद्यालयको नेतृत्व कल्पना सिंह ठकुरीले गर्दै आएकी छिन् भने वडा नम्बर १ कै पञ्चकन्या प्राविको नेतृत्व कविता कडेलले गर्दै आएकी छिन् । वडा नम्बर २ को मंगलेश्वर प्राविको नेतृत्वमा निमा केसी छिन् । थाहा नगरपालिका वडा नम्बर ३ को सेतिगणेश आधारभूत विद्यालयको नेतृत्वमा उर्मिला गोपाली छिन् ।

पालुङ भ्याली हर्ट एकेडेमीको प्रधानाध्यापकमा सरस्वती पौडेलले नेतृत्व गरिहेकी छिन् । उनी थाहानगरको ११ संस्थागत विद्यालयमध्ये विद्यालयको नेतृत्व गर्ने एक्ली प्रधानाध्यापक हुन् । महांकाल प्राविको सस्मिता बल, वडा नम्बर ४ कै ऋषेश्वर प्राविको नेतृत्व ममता थिङ रहेकी छिन् । वडा नम्बर ५ को कल्याण प्राविको सुजाता तामाङको नेतृत्व छ ।

थाहा नगरपालिकाको वडा नम्बर ५ को वसन्त प्राविको नेतृत्वमा मनमायाँ गुरूङ, ५ नम्बर वडाकै बालकुमारी प्राविको कोपिला भेटवालले नेतृत्व गरिरहेकी छिन् । वडा नम्बर ६ को उदय प्राविको तुलसा न्यौपाने, गणेश प्राविको सोनु श्रेष्ठले प्रधानाध्यापक भई नेतृत्व गरिरहेकी छिन् ।

वडा नम्बर ९ को महालक्ष्मी प्राविको उषा श्रेष्ठले, जलदेवी प्राविको प्रतिमा लामिछानेले नेतृत्व गदै आएकी छिन् । थाहा ११ नागछेडामा रहेको जनता प्राविको लक्ष्मी धामीले नेतृत्व गरिरहेकी छिन् भने थाहा १२ को टिष्टुङ देउराली नेपाल चेम्बर प्राविको नेतृत्व सुन्तीमायाँ बलले प्रधानाध्यापक भई नेतृत्व गर्दै आएकी छिन् ।


## मोबाइलको लतबाट बालबालिकालाई बचाऔं

- मोबाइलको लत लागेका बालबालिकामा निन्द्रा ढिलो लाग्ने, गहिरो निन्द्रा नलाग्ने र पटक पटक ब्युँझने समस्या देखिन सक्छ,
- मोबाइलको लतले बालबालिकाको मानसिक तथा शारीरिक विकासमा नै असर पुऱ्याउन सक्छ,
- मोबाइल देखाएर खाना खुवाउनाले बालबालिकालाई खानाको स्वाद थाहा नहुन सक्छ,
- यसले पाचन प्रणालीमा समस्या हुन सक्दछ,
- उनीहरुलाई कुराकानी गरेर, डुलाएर, गीत गाएर तथा उनीहरूको हाउभाउमा प्रतिक्रिया जनाउँदै खाना खुवाऔं,
- अभिभावकले अत्याधिक मोबाइल चलाउँदा बालबालिकालाई मोबाइलको लत बस्न सक्दछ,

*त्यसैले अभिभावकले मोवाइलको कम प्रयोग गरौं ।*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## थाहा नगरपालिका
## रोजगार सेवा केन्द्रको सूचना

चालु आर्थिक वर्ष २०८०/८१ मा न्यून आय भएका वा स्वरोजगारमा संलग्न नरहेका १८ वर्षदेखि ५९ वर्ष उमेर समूहका बेरोजगार नागरिकले २०८० फागुन महिनाभरिमा आफू स्थायी बसोबास गरेको वडा कार्यालयमा सूचीकृत हुन निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा र यससम्बन्धी थप जानकारी थाहा नगरपालिकामा रहेको रोजगार सेवा केन्द्र, वडा कार्यालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाइट www.pmep.gov.np वा थाहा नगरपालिकाको वेबसाइट www.thahamun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

थाहा नगरपालिका
**रोजगार सेवा केन्द्र**

## राष्ट्रिय खोप-तालिका

| पटक/भेट | कुन उमेरमा | कुन खोप |
|---|---|---|
| १ | जन्मने वित्तिकै | बि. सि. जी. |
| २ | ६ हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ३ | १० हप्तामा | रोटा, पोलियो, पि. सि. भी., डि.पि.टी.-हेप बी-हिब |
| ४ | १४ हप्तामा | पोलियो, एफ.आई.पि.भी., डि.पि.टी.-हेप बी-हिब |
| ५ | ९ महिनामा | एफ.आई.पि.भी., पि.सि.भी., दादुरा-रुबेला |
| ६ | १२ महिनामा | जापानिज इन्सेफलाइटिस |
| ७ | १५ महिनामा | दादुरा-रुबेला, टाइफाइड |

खोप लगाएता पनि सधै सरसफाईका सबै व्यवहारहरुको पालना गरौं ।

खोप नि:शुल्क पाइन्छ | खोप सुरक्षित छ | खोपले जीवन रक्षा गर्छ

थाहा नगरपालिका

## बाल विवाह नगरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुवैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ। त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो। बाल विवाह गर्ने, गराउने र सहभागी हुने सबैलाई कानूनले कारवाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४

| | |
|---|---|
| विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १३३)। | तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ । |

विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

**थाहा नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय


● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी